# बार्षिक प्रतिवेदन
# Annual Report
## आ. व. २०८०/८१













गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# पर्वत अस्पताल

कुश्मा, पर्वत, नेपाल



**पर्वत अस्पताल, कुश्मा पर्वत**

**फोन नं. : ०६७-४२०४१४**

Email : parbathospital@gmail.com

Web : Parbathospital.gandaki.gov.np

Facebook:  facebook.com/ Parbat Hospital

# बार्षिक प्रतिवेदन

# Annual Report

## आ. व. २०८०/८१



गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# पर्वत अस्पताल

कुश्मा, पर्वत, नेपाल

प्रकाशक :

पर्वत अस्पताल, कुश्मा पर्वत
फोन नं. : ०६७-४२०४१४
email : parbathospital@gmail.com
Web : Parbathospital.gandaki.gov.np
Facebook:  facebook.com/ Parbat Hospital

प्रकाशन मिति : २०८१, असोज

सर्वाधिकार : पर्वत अस्पताल, कुश्मा

मुद्रण : मनकामना छापाखाना, कुश्मा, पर्वत ।
फोन नं. : ०६७-४२०३८८

प्रतिवेदन लेखन तथा सम्पादन : संयोजक : डा. हेमन्त बाँस्तोला
सदस्य : मिन ब.के सी
सदस्य सचिव : प्रकाश शर्मा

हाम्रा अथक प्रयासका वावजुद पनि यस प्रकाशन भित्र कैयौ त्रुटिहरु रहेका हुनसक्छन्, यसमा भएका त्रुटिहरु औंल्याई सुधारका लागि सल्लाह र सुझाव email : parbathospital@gmail.com मार्फत दिनुहुनेछ भन्ने अपेक्षा गरेका छौं ।

मन्त्री

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
पोखरा, कास्की, नेपाल



## शुभकामना

स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश सरकार  सबै प्रदेशबासीलाई उच्चतम गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन प्रतिवद्ध छ । नेपालको संविधान२०७२,  राष्ट्रिय स्वास्थ्य नीति २०७६ र गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ ले अंगिकार गरेको विश्वव्यापी स्वास्थ्य सेवालाई सर्वसुलभ पहुँच र विस्तार गर्न सरकारी, निजी क्षेत्र र बाह्य विकास साझेदारहरु लगायत सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य  गर्दै  नागरिकहरुको स्वास्थ्य सम्वन्धी मौलिक  हक कार्यान्वयन गर्न मन्त्रालय प्रतिवद्ध छ ।

पर्वत अस्पताल,कुस्माले नियमित रुपमा प्रदान गर्दै आइरहेका चिकित्सकिय/ स्वास्थ्य  सेवाहरु र सम्पादित कार्यहरुको समीक्षा गर्दै संश्लेषण गरी वार्षिक प्रगति प्रतिवेदन २०८०।०८१ प्रकाशन गर्न लागेको खबरले अत्यन्त खुशी लागेको छ । अहिले सम्म प्राप्त स्वास्थ्य नतिजा मन्त्रालय र स्वास्थ्य क्षेत्रका सबै सरोकारवालाको संयुक्त प्रयासको परिणाम हो । यस प्रतिवेदनले पर्वत अस्पतालले हासिल गरेका उपलब्धिहरुका साथै प्रमुख स्वास्थ्य समस्याहरु, चुनौतीहरु र स्वास्थ्य सेवा प्रवाहमा सुधार गर्न अवलम्वन गर्नुपर्ने उपायहरु समेटेको छ । यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्यहरुले आगामी वर्ष नागरिकका लागि चिकित्सकिय/ स्वास्थ्य सेवा प्रदान गर्न र अस्पतालको गुणस्तरीय सेवामा प्राप्त गर्ने योजना निर्माणका लागि महत्त्वपूर्ण हुनेछ ।

अन्त्यमा यो प्रतिवेदन तयार गरी प्रकाशन गर्ने पर्वत अस्पताल, कुस्मा पर्वत र उक्त कार्यमा संलग्न कर्मचारी , व्यवस्थापन समिति लगाएत सम्पुर्ण टिमलाइ  स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश सरकारको तर्फबाट विशेष धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत उक्त कार्यको निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८१/०६/०२

.........................
[मा. कृष्ण प्रसाद पाठक]
मन्त्री
स्वास्थ्य  मन्त्रालय, गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

पोखरा, कास्की, नेपाल



## शुभकामना मन्तव्य

पर्वत अस्पताल, पर्वतले आ.व. २०८०/०८१ मा अस्पतालमा भएका स्वास्थ्य गतिविधीहरूको वार्षिक प्रगति विवरण समेटिएको वार्षिक प्रतिवेदन तयार गरि प्रकाशन कार्य गर्न लाग्नु भएकोमा मलाई साह्रै खुसी लागेको छ। यस प्रतिवेदनमा अस्पतालमा सञ्चालनमा भएका समग्र स्वास्थ्य क्रियाकलाप तथा गतिविधिलाइ एकिकृत गरिएको पाएको छु।

आधारभुत र विषेशज्ञ स्वास्थ्य सेवालाइ मध्यनजर गरि अस्पतालले आफ्नो सीमित साधनस्रोत मार्फत प्रदेश सरकार तथा स्थानिय तहसँगको समन्वय र सहकार्यमा नियमित रूपमा प्रदान गरेका सेवाले नागरिकको आधारभुत स्वास्थ्य सेवा पाउने मौलिक अधिकारलाइ सुनिश्चित गरेको छ भन्नेमा मैले विश्वास लिएको छु। स्वास्थ्य क्षेत्रको वर्तमान अवस्थाको सेवालाइ गुणस्तरीय र प्रभावकारी बनाउन गरिएका प्रयासहरू तथा सुधार गर्नुपर्ने विषय यस प्रतिवेदनमा समेट्ने प्रयास भएको छ। यस प्रतिवेदनले स्वास्थ्य सेवा प्रवाह तथ्याङकको वर्तमान अवस्थाका बारेमा जानकारी हुनुका साथै आगामी योजना तर्जुमा गर्न समेत महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु, साथै अस्पतालमा सञ्चालनमा रहेका सेवालाइ अझ गुणस्तरीय रूपमा प्रदान गर्न तथा थप विशेषज्ञ सेवा प्रदान गर्न मन्त्रालय परिवार मार्ग निर्देशक, अभिभावक एंव सहयोगीका रूपमा रहनेनैछ भन्ने कुरा अवगत गराउन चाहन्छु।

अन्तमा प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न सबै कर्मचारी तथा प्रकाशन गर्ने अस्पताल परिवारलाइ हार्दिक धन्यवाद, बधाइ दिँदै आगामी दिनमा समेत प्रतिवेदन प्रकाशनले निरन्तरता पाउनेछ भन्ने अपेक्षा राख्दै शुभकामना व्यक्त गर्न चाहन्छु।

मितिः २०८१ असोज

..........................

(डा. विनोद विन्दु शर्मा)

सचिव

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल
फोन : ०६१ ५२०३१०

पत्रसंख्या : २०८१/०८२
चलानी नं. :



# शुभकामना मन्तव्य

पर्वत अस्पताल, पर्वतले नियमित स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र स्वास्थ्य क्षेत्रका अन्य स्रोतवाट प्राप्त जानकारीको आधारमा पर्वत अस्पतालको वार्षिक स्वास्थ्य प्रतिवेदन २०८०/०८१ प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ। अस्पतालबाट प्रदान गरिने सेवा तथा गुणस्तरमा वृद्धी गर्न तथा अस्पतालको समग्र तथ्यांकहरुको प्रतुतिकरण तथा विश्लेषणमा यसले महत्वपूर्ण प्रभाव पार्ने छ।

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्याङ्कहरुबाट अस्पतालले सञ्चालन गरेका कार्यक्रमहरु तथा सेवाको स्थितिका बारेमा जानकारी हुनुका साथै स्वास्थ्य क्षेत्रका समग्र विषयहरुको अध्ययन तथा अनुसन्धानमा समेत सम्वन्धित सबैका लागि उपयोगी हुने विस्वास लिएको छु। यस प्रतिवेदनले तीन आर्थिक वर्षमा हासिल गरेका उपलब्धिहरुका साथै प्रमुख स्वास्थ्य समस्याहरु, चुनौतीहरु र स्वास्थ्य सेवा प्रवाहमा सुधार गर्न अवलम्वन गर्नुपर्ने उपायहरु समेटेको छ। यसमा उल्लेख गरिएका तथ्यहरुले आगामी वर्ष नागरिकका लागि स्वास्थ्य सेवा प्रदान गर्ने योजनाको आधारको रुपमा काम गर्नेछ।

यो यस प्रतिवेदन तयार गरी प्रकाशन गर्ने पर्वत अस्पताल र उक्त कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद तथा बधाई ज्ञापन गर्दै आगामी दिनमा समेत यस कार्यको निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु।

मिति : २०८१/०६/०६ गते

.......................
खिम बहादुर खड्का
महानिर्देशक

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# पर्वत अस्पताल

गण्डकी प्रदेश



# शुभकामना

पर्वत अस्पतालको बार्षिक प्रतिवेदन २०८०।८१ को प्रतिबेदन तयार गर्ने अस्पताल व्यवस्थापन सम्पुर्ण टिम प्रति हार्दीक आभार एवम् शुभकामना व्यक्त गर्दछु । बिगत देखिको पर्वत अस्पतालले आम पर्वत बासी मात्र नभई बाग्लुङ्ग, गुल्मी सम्मका विरामीहरुलाई सेवा दिदै आइरहेको छ। पर्वत अस्पताल १५ सैयाको अस्पताल भएर पनि ६५ सैयाको सेवा दिने कोसीस हाम्रो अस्पताल टिमले गरेको छ । यसमा पनि गण्डकी प्रदेश स्वास्थ्य बिभागबाट निरिक्षण मापन गर्दा बिगत भन्दा झन राम्रो अंक ल्याउन सफल भएको छ।

यस अघि दैनिक ओपीडीमा ४० /५० बिरामीले सेवा लिन्थे भने अहिले दैनिक २०० देखी २५० जनाले दैनिक सेवा लिइरहका छन् । यसले देखाउने भनेकै जनमानसमा पर्वत अस्पताल प्रतिको बिश्वास चासो एवम् यहाबाट दिईने सुबिधाले नै हो । यसले मात्रै अवश्य पनि हाम्रो आवश्यकता र मागलाई सम्बोधन गरेको छैन । अझै, बिशेषज्ञ सेवा दिनकालागी नगर एवम् गाउपालिका ,बिभिन्न सामाजिक संघ संस्था संग हातेमालो गर्दै उपकरण र जनशक्ति अभावको मुख्य समास्यालाई घटाउदै लाने नै हो ।अस्पतालको व्यवस्थापन पक्ष र जनशक्ति परिचालनलाई अझ ध्यान दिन जरुरी रहेको छ र हाम्रो टिमले हाल खोज्दै जानेनै छ।

अन्त्यमा यो प्रतिबेदन तयार गरी प्रकाशन गर्ने बार्षिक प्रतिवेदन तयारी समिती लागएत सम्पुर्ण फाँट प्रमुखहरु , स्वास्थ्यकर्मी तथा कर्मचारीहरु धन्यबाद दिन चाहान्छु । स्वास्थ्य सँग सरोकार राख्ने संस्था ,व्यक्ती लगाएत आम जनसामुदायका लागी यो प्रतिबेदन उपयोगी हुने अपेक्षा गर्दछु।

शंकर गिरी
अध्यक्ष
पर्वत अस्पताल व्यवस्थापन समिति

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# पर्वत अस्पताल

गण्डकी प्रदेश



## मेरो भनाइ

पर्वत अस्पतालले स्थापना कालदेखिनै गुणस्तरीय र विश्वस्नीयरुपमा स्वास्थ्य सम्वन्धि सेवा पर्वत, वाग्लुङ्ग, म्याग्दी र कास्की जिल्लाका बासिन्दालाई निरन्तर दिदै आइरहेको छ । स्वास्थ्य सेवाको आधार स्थापित गराई गुणस्तरीय सेवा प्रवाह गरी नेपालको संविधान प्रदत्त मौलिक हक उपलब्ध गराउने हाम्रो उद्धेश्य रहेको छ । यसै सन्दर्भमा अस्पतालमा आ.व२०८०।०८१ मा प्रवाह गरेको सेवा तथा सम्पादन गरेको कार्यको एकिकृत सूचना प्रवाहको माध्यमका रुपमा अस्पतालको वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा निकै खुशी लागेको छ ।

यस प्रतिवेदनले विशेषत: अस्पतालबाट प्रवाह गरिएका सेवालाई तथ्यांकीय ढाँचामा विगतका आ.व.संग तुलनात्मक ढंगले प्रस्तुत गरेको छ । अस्पतालबाट प्रवाह गरिएका सेवा सँगै आ.व २०८०।८१ मा अस्पतालले सम्पादन गरेका क्रियाकलापहरु र सोबाट प्राप्त उपलब्धिहरु सहित वित्तिय व्यवस्थापनको पाटोलाई समेत समेटेर अस्पतालबाट प्रवाह गरिने सार्वजनिक सरोकारित सेवाका विषयमा नागरिकको चासो लाई समेत सम्बोधन गरी पारदर्शिता प्रवर्द्धन गर्ने कोशिस गरेका छौ । स्वास्थ्य क्षेत्रको संवेदनशिलतालाई मनन गरी संघिय सरकार, प्रदेश सरकार,समाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको निति र योजना अनुरुप स्वास्थ्य सेवा सर्वसुलभ , जनताको पहुँच र गुणस्तरीय सेवा प्रदान गर्नका लागि परेका छौ । गुणस्तरीय सेवामा सवैको पँहुच गराई विरामीलाई विशिष्टीकृत सेवा प्रदान गर्ने उद्धेश्य लिएका छौ ।आर्थिक , प्रशासनिक तथा सुशासन गराई सेवा गुणस्तरीय वनाउन लागि परेका छौ । नविनतम सेवाको रुपमा विहान ७ बजे बाट बेलुका ७ बजे सम्म ओ पी डी सेवा प्रवाह, डायलाईसीस सेवा विस्तार , प्रदेश सरकारको समन्वयमा खानेपानी लिफ्टीङ्ग गरी २४ सै घण्टा शुद्ध सफा पानी व्यवस्था मिलाएका छौ ।

यस अस्पतालको हितका लागि मार्गदर्शन, वजेट तथा अन्य व्यवस्थापकिय काम सम्पन्न गर्न सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई धन्यबाद दिन चाहान्छौ । साथै अस्पतालको अभिन्न अंग यहाँ कार्यरत सम्पुर्ण कर्मचारीहरु, पर्वत अस्पताल व्यवस्थापन समिति , चिकित्सकहरु, विभागीय प्रमुखहरु, स्वास्थ्यकर्मीहरु, प्रशासनिक तथा लेखा प्रमुखहरु, विमा ,काउन्टर , मेडिकल रेकर्ड लगाएयतका सम्पुर्ण कर्मचारीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।अस्पतालबाट प्रवाह गरिने सेवासुविधा सम्बन्धमा आमनागरिकको सुसूचित हुने हकलाई सुनिश्चित गर्न यो प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने अस्पतालका चिकित्सकहरु, अस्पतालको शाखा प्रमुखहरु, मेडिकल रेकर्डर निरिक्षकलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

वार्षिक प्रतिवेदनमा केही कमी कमजोरीहरु रहेका हुन सक्छन, तसर्थ प्राप्त हुने सुझाव र सल्लाहले यसलाई अझ परिष्कृत रुपमा आगामी बर्षहरुमा प्रकाशन गर्न हामीलाई सहयोग पुग्ने विश्वास लिएको छु ।

**डा हेमन्त बास्तोला**
**मेडिकल सुपरिटेण्डेन्ट**

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
# पर्वत अस्पताल
गण्डकी प्रदेश, नेपाल



## कृतज्ञता

पर्वत अस्पताल वि.सं. २०१६ सालमा कुश्मा हेल्थ पोष्टको रुपमा स्थापित भई पर्वत जिल्लाको कुश्मा नगरपालिका ०५ वडागाँउमा अवस्थित एक प्रइमरी ‘ए’ लेवलको अस्पताल हो । वि.स. २०४६ सालमा जिल्ला अस्पताल पर्वत नामाकरण भई १५ शैया अस्पतालको रुपमा बिकास भएको र वि .स. २०७४ साल सम्मा जिल्ला जनस्वास्थ्य कार्यालय माताहातमा रही सेवा दिदै आईरहेको थियो । वि.स. २०७६ सालमा पर्वत अस्पताल नामाकरण भएको यस अस्पताल १५ शैया स्वीकृत भएपनि हाल ६० शैया संचालनमा रहेको छ । यस अस्पतालले २४ सै घण्टा ल्याव, एक्सरे, इर्मेजेन्सी ,इन्डोर लगाएत बहिरङ्ग सेवा, मातृ तथा नवशिशु सेवा, खाप तथा परिवार नियोजन सेवा, हेमोडाइलासिस,समाजिक सेवा एकाई,एक द्वार संकट व्यवस्थापन केन्द्र,अप्रेसन सेवा,नवशिशु उपचार केन्द्र , पोषण पुनर्स्थापना केन्द्र जस्ता बिबिध सेवा दिईरहेको छ ।

पर्वत अस्पतालमा दैनिक औषत २०० देखी २५० जना सेवाग्रहीले बिबिध सेवा लिएको तथ्याङकले देखाउछ भने यस अस्पतालले स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीमा रहेर तथ्याङ्कको व्यवस्थापन गर्दै आईरहेको छ । अस्पतालको मासिक प्रतिवेदन HMIS 9.4, EWARS ,MPDSR ,VPD Weekly Zero Report, LMIS, पोष्टमार्टम ,घाउजाँच जस्ता महत्वपूर्ण प्रतिबेदनहरु सम्वन्धित निकायमा दैनिक,साप्ताहिक तथा मासिक रुपमा पठाउदै आइरहेको छ । हाल तथ्याङ्कलाई व्यवस्थित गर्न अस्पतालमा EMR system जडान गरी कार्यन्वयनमा ल्याइएको छ र सो सिस्टमको थप विकास तथा विस्तार गरी पुर्ण रुपमा पेपरलेस वनाउने योजना अस्पतालको छ ।

अन्त्यमा, यस पर्वत अस्पतालको बार्षिक प्रतिवेदनमा प्रयोग भएका तथ्याङ्क मुलत अस्पतालले मासिक रुपमा गर्ने HMIS 9.4 मा उल्लेख भएका तथ्याङ्कलाई लिएको छ । यस प्रतिवेदन तयार पार्न सहयोग गर्नुहुने बार्षिक प्रतिबेदन तयारी समिति ,अस्पताल प्रमुख, पर्वत अस्पताल व्यवस्थापन समिति अध्यक्ष एवम् सदस्यहरु, अस्पतालका बिभिन्न शाखाका शाखा प्रमुखहरु, सूचना अधिकारी लगाएत सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै स्वास्थ्य सँग सरोकार राख्ने संस्था ,व्यक्ती, बिधार्थी लगाएत आम जनसामुदायका लागी यो प्रतिबेदन उपयोगी हुने अपेक्षा गर्दछु ।

**धन्यवाद ॥**

प्रकाश शर्मा
मेडिकल रेर्कडर निरिक्षक
पर्वत अस्पताल

# विषय सुची

१. पर्वत जिल्लाको परिचय : ........ १
जनसंख्यिक विवरण : ........ ३
पर्वत अस्पतालको परिचय : ........ ४
अस्पतालमा उपलब्ध सेवाहरु ........ ४
अस्पतालमा उपलब्ध शैया ........ ५
पर्वत अस्पतालमा विभिन्न स्रोतबाट कार्यरत जनशक्तिहरुको विवरण : ........ ७
अस्पतालको उद्देश्यहरु ........ ८
भावी सोच ध्येय ........ ८
ध्येय ........ ८
लक्ष्य ........ ८
सोचहरु ........ ८
अल्पकालीन सोचहरु ........ ८
दीर्घकालीन सोचहरु ........ ९
अस्पतालबाट प्रदान गरिएको मुख्य सेवाहरुको तथ्याङ्किय विवरण: ........ १०
आकस्मिक सेवा (Emergency Services) ........ ११
बहिरङ्ग सेवा: ........ ११
विस्तारित बहिरङ्ग सेवा EHS services ........ १२
अन्तरङ्ग सेवा: ........ १२
सुरक्षीत मातृत्व सेवा ........ १३
गर्भवती जाँच सेवा : ........ १४
परिवार नियोजन सेवा : ........ १५
इमेजिङ्ग सेवा (Radiological Services) ........ १५
एक्सरे सेवा: ........ १५
भिडियो एक्सरे (USG) सेवा : ........ १६
इ.सि.जि. सेवा ........ १७
प्रयोगशाला सेवा : ........ १८
प्रयोगशालामा भएका उपकरणको विवरण ........ १९
अस्पतालमा उपलब्ध जाँचहरुको विवरण ........ २०
एडस तथा यौनरोग सेवा (ए.आर.टि.) ........ २१
क्षयरोग उपचार केन्द्र (DOTS): ........ २२
एकद्धार संकट व्यवस्थापन केन्द्रल (OCMC): ........ २३
सामाजिक सेवा एकाई अन्तर्गत नि:शुल्क स्वास्थ्य सेवा ........ २३
पोषण पुनर्स्थापना केन्द्र ........ २४
अस्पतालमा रहेका मुख्य औजार उपकरणहरुको विवरण ........ २८
Continuing Medical Education (CME) कार्यक्रम : ........ २९
अस्पतालको वित्तिय व्यवस्थापन ........ ३०
अस्पाताललेे गरेका कार्यहरु ........ ३१
समस्या ........ ३२
चुनौतीहरु ........ ३२
पर्वत अस्पतालमा हालका आवश्यकताहरु : ........ ३४
Abbreviation and Acronyms ........ ५८
सन्दर्भ सामाग्री : ........ ५९

# १. पर्वत जिल्लाको परिचय :

पर्वत जिल्ला सङ्घीय गणतन्त्रात्मक नेपालको प्रदेश नं ४ गण्डकी प्रदेशमा पर्ने पहाडी जिल्ला हो। यस जिल्लाको आफ्नै ऐतिहासिक पहिचान छ । यो नेपालका ७७ जिल्लामध्ये क्षेत्रफलका आधारमा चौंथो सानो जिल्ला हो । पर्वत जिल्ला भौगोलिक विविधताले भरिएको एक रमणीय जिल्लाको रुपमा चिनिन्छ । विश्व मानचित्रमा पर्वत




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय
तयार पार्ने: स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ।
Projection System: MUTM, Spheroid - Everest 1830
© MOFALD 2017

पर्वत २८° ०० ′′१९ ′देखि २८° २३ ′′५९ ′अक्षांश र ८३° ३३ ′′४० ′देखि ८३° ४९ ′′३० ′देशान्तरमारहेको छ । यस जिल्लाको सिमानामा पुर्वमा कास्की र स्याङ्जा दक्षिणमा स्याङ्जा र गुल्मी, पश्चिममा गुल्मी, बाग्लुङ्ग र म्याग्दी उत्तरमा

म्याग्दी जिल्लाहरु पर्दछन् । यस जिल्लाको कूल क्षेत्रफल केन्द्रिय तथ्याङ्क विभागको अनुसार ४९४ वर्ग कि.मी., जिल्ला बस्तुगत बिबरण २०५८ अनुसार ५३६ ८६.वर्ग किर भौगोलिक सूचना प्रणालीका नक्सा अनुसार .मी. ५४१ वर्ग कि मिटर उचाईमा रहेको ५२०रहेको छ । उचाईका हिसाबले समुन्द्री सतहबाट .मी.सेतीवेणीदेखि ३,३०९ मिटर उचाइमा रहेको हम्पालको लेकसम्मको भू भाग यस जिल्लामा पर्दछ । –यस जिल्लाको कूल भूमि ५३६८६ २१. १९हेक्टरमध्ये वन क्षेत्रले ओगटेको जमिन ,९९७ हेक्टर, कृषि भूमि २४,१७१ हेक्टर र प्रति जमिन, बुट्यान, भवन, बाटोघाटो, भीरपाखा तथा खोलाले ओगटेको जमिन ९,५१८ हेक्टर रहेको छ । पर्वत जिल्लाको कूल कृषि जमिन २४१७१ हेहेक् ९०७३मध्ये खेत .टर, जस मध्ये बाह्रै महिना सिंचाई हुने ६,४२० हेर मौसमी सिंचाई हुने . १५छ भने पाखोबारी .हे २६६६,०९८ हेरहेको छ . ।प्रतिनिधी सभा निर्वाचन क्षेत्र १जिल्लालाई , २ प्रदेश सभा निर्वाचन क्षेत्र, २ नगरपालिका, ५ गाउँपालिका र ६१ वडामा विभाजन गरिएको छ । पर्वत जिल्लाको सदरमुकाम कुस्मा बजार हो भने अन्य प्रमुख बजार क्षेत्रहरुमा वारी वेनी, पातिचौर, डिमुवा, कार्किनेटा, फलेवास, लुँखु, हुवास प्रमुख व्यापारीक केन्द्र रहेका छन् । पर्वत मा धार्मिक एवं ऐतिहासिक र पर्यटकिय रुपमा अति नै सम्पन्नता का पहिचानहरु छन् । यस सन्दर्भमा छोटो विवरण मा उल्लेख गर्दा कुश्मा को गुप्लेश्वर गुफा , मोदी विनिको नरसिंह मन्दिर , ज्ञादिको अलपेश्वर गुफा ,पाङ को भुवनेश्वर गुफा ,चुवाको लालेश्वर गुफा को साथै डहरे देउराली , सहस्र धारा ,धाइरिङ , भुमे ,मल्लाजकोट , दुर्लुङ कोट ,पैंयू कोट ,खौलाकोट , लिमिकोट ,देउपुर कोट ,लुँखु को महशिला , पन्चासे कास्की ),स्याङ्जा र पर्वत को सिमाना मा जोडिएको पञ्चासे प्रसिद्ध धार्मिक र पर्यटकीय स्थल जहा पन्चासे केवुलकार कम्पनी लिमटेडले ले केवुलकार सेवा संचालन का लागि योजना समेत बनाएको क्षेत्र हो । नेपाल ( कग्राम हो । यो गण्डकीलाई नै विश्वमा चिनाउने पर्वत को बीहादी गाउँ पालिका मा रहेको शिला शालि,लुम्बिनी र धौलागिरी अञ्चल र पर्वत ,स्याङ्जा र गुल्मी जिल्लाको संगम क्षेत्रमा रहेको विश्वकै सबैभन्दा ठूलो शिला शालीग्राम हो, जुन धार्मिक र पर्यटकीय हिसावले प्रशिद्ध मानिन्छ भने अर्को तर्फ पर्यटकिय हिसावले पर्वत को सदरमुकाम कुश्मा मा अवस्थित झलुङ्गे पुलहरु कुश्मा वडा गाउ वाग्लुङ को वलेवा कयान झलुङ्गे पुल –, यसै गरी अर्को कुश्मा ज्ञादी जोड्ने लामो र अग्लो झालुङे पुल –, पर्वत जिल्ला कै मुख्य पर्यटकिय आकर्षण का रुपमा रहेको कुश्मा बन्जी पुल ,केवल कार ,कुश्मा मुडिकुवा झलुङे पुल -,कुश्मा वालेवा बन्जीजम्प पुल विश्वकै दोस्रो अग्लो – मा मानिएको छ यसै गरी पाङ देखि बागलुङ कालिका मन्दिर पारी पट्टी जोड्ने पुल, पर्वतको दक्षिण भेकमा रहेको पैयु गाउँपालिका वडा नं १ टकलाक को वहाबि बाट विहादि गाउँपालिका ५ को छचन्ने मा जोडिएको लामो झोलुङ्गे पुलहरु पनि पर्वत जिल्लाका आकर्षण केन्द्र हुन । पर्वत मा जाने वा आउनेहरुको लागि यी प्राकृतिक सम्पदा , सांस्कृतिक सम्पदा ,लामा र अग्ला झालुङ्गे पुलहरु ,बन्जीजम्पी यो जिल्लाका आकर्षक केन्द्र मानिन्छन् ।

## जनसंख्यिक विवरण:

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार यस पर्वत जिल्लाको कुल जनसंख्या १,३०,८८७ रहेको छ जस मध्ये पुरुषको संख्या ६१,६७८ र महिलाको संख्या ६९,२०९ रहेको छ। महिलाको संख्या पुरुषको भन्दा ७,५३१ ले बढी देखिन्छ। यस जिल्लाको घर परिवार संख्या ३६,१३७ रहेको छ भने औषत जनसंख्या बृद्धीदर - १.०९ रहेको छ।

तालिका नं. १ आधारभुत जनसंख्यिक विवरण:

| स्थानीय तहको नाम | जम्मा जनसङ्ख्या (जनगणना २०७८) | पुरुष | महिला | लैङ्गिक अनुपात | परिवार सङ्ख्या | परिवार को औसत आकार | क्षेत्रफल वर्ग कि.मी. | जनघनत्व जना प्रति व.कि.मी. | जम्मा जनसङ्ख्या (जनगणना २०६८) | जनसङ्ख्या बृद्धिदर (२०६८-२०७८) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मोदी गाउँपालिका | १८७९४ | ८८५३ | ९९४१ | ८९.०६ | ५४०४ | ३.४८ | १४३.६ | १३१ | २१२८४ | -१.१९ |
| जलजला गाउँपालिका | २१११९ | १००७५ | ११०४४ | ९१.२३ | ५९६१ | ३.५४ | ८२.२६ | २५७ | २१४५४ | -०.१५ |
| कुश्मा नगरपालिका | ३८१०१ | १७८५३ | २०२४८ | ८८.१७ | १०९६२ | ३.४८ | ९३.१८ | ४०९ | ३९६०० | -०.३७ |
| फलेवास नगरपालिका | २०४६८ | ९३६५ | १११०३ | ८४.३५ | ५७३७ | ३.५७ | ८५.७ | २३९ | २४६८७ | -१.८० |
| महाशिला गाउँपालिका | ८११६ | ३८०८ | ४३०८ | ८९.०६ | २०५७ | ३.९५ | ४९.३८ | १६४ | ९८५८ | -१.१९ |
| बिहादी गाउपालिका | १०८२८ | ५११३ | ५७१५ | ८९.४७ | २७२३ | ३.९८ | ४४.८० | २४२ | १३४०३ | -२.०५ |
| पैयुँ गाउँपालिका | १२७२५ | ५९२९ | ६७९६ | ८७.२४ | ३२६८ | ३.८९ | ४२.६५ | २९८ | १५३८१ | -१.८२ |

तालिका नं. २: स्थानिय तह अनुसारको जनसंख्यिक विवरण

| क्र.सं. | विवरण | एकाई | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|
| १ | जम्मा परिवार सङ्ख्या | सङ्ख्या | २७९७३ | ३२७३१ | ३५७१९ | ३६१३७ |
| २ | जम्मा जनसङ्ख्या | सङ्ख्या | १४३५४७ | १५७८६२ | १४६५९० | १३०८८७ |
| | पुरुषको सङ्ख्या | सङ्ख्या | ६६५७२ | ७२९४२ | ६५३५७ | ६१६७८ |
| | महिलाको सङ्ख्या | सङ्ख्या | ७६९७५ | ८४८८४ | ८१७१९ | ६९२०९ |
| ३ | जनसङ्ख्या वृद्धिदर | प्रतिशत | १.१२ | ०.९५ | -०.७४ | -१.0९ |
| ४ | लैङ्गिक अनुपात | प्रति सय महिलामा पुरुष | ८६.४९ | ८५.९३ | ८०.३३ | ८९.१२ |
| ५ | विदेशमा रहेको जनसङ्ख्या | सङ्ख्या | - | १६१२६ | २१७३५ | १६४४६ |
| | पुरुष | सङ्ख्या | - | १४२३४ | १९७८३ | १४११४ |
| | महिला | सङ्ख्या | - | १८९२ | १९५२ | २३३२ |
| ६ | अनुपस्थित सदस्य (विदेशमा) भएको परिवार सङ्ख्या | सङ्ख्या | - | - | १५४२२ | ११७७२ |
| ७ | अपाङ्ग जनसङ्ख्या | सङ्ख्या | - | ८९२ | ३६५३ | ४२५९ |
| | पुरुष | सङ्ख्या | - | ४०२ | १९७२ | २२४७ |
| | महिला | सङ्ख्या | - | ४९० | १६८१ | २०२१ |
| ८ | संस्थागत परिवार सङ्ख्या | सङ्ख्या | - | २ | २१ | २५ |
| ९ | संस्थागत जनसङ्ख्या जम्मा | सङ्ख्या | - | ८३ | ९२३ | ७३६ |
| | पुरुष | सङ्ख्या | - | ६७ | - | ६८२ |
| | महिला | सङ्ख्या | - | १६ | - | ५४ |
| १० | परिवारको औसत आकार | जना | ५.१३ | ४.८२ | ४.१ | ३.६२ |
| ११ | जनघनत्व प्रति वर्ग कि.मी. | जना प्रति वर्ग कि.मी. (क्षेत्रफल ४९४ व.किमी) | २९१ | ३१९ | २९६ | २६५ |

# पर्वत अस्पतालको परिचय :

पर्वत अस्पताल पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारको सवैभन्दा तल्लो भाग वडागाँउमा अवस्थित छ । अस्पताल रहेको भाग पवित्र कालिगण्डकी नदि र उर्जा नदिको रुपमा प्रख्यात मोदी खोलाको बिच भागमा अवस्थित छ । यो क्षेत्र जिल्लको मुख्य प्रशासनिक कार्यालयहरु भएको क्षेत्र हो ।मध्य पहाडी लोकमार्गको पोखरा वाग्लुङ्ग खण्डको शिवालय चोकबाट दक्षिण पश्चिम दिशामा लगभग ७०० मिटर दुरीमा अवस्थित छ । २९ रोपनिमा फैलिएको यस अस्पताल पर्वत जिल्लाकै एक सान हो ।

पर्वत अस्पताल वि.सं. २०१६ सालमा कुश्मा हेल्थ पोष्टको रुपमा स्थापित भई पर्वत जिल्लाको कुश्मा नगरपालिका ०५ वडागाँउमा अवस्थित एक प्राइमरी ँए' लेवलको अस्पताल हो । वि.स. २०४६ सालमा जिल्ला अस्पताल पर्वत नामाकरण भई १५ शैया अस्पतालको रुपमा विकास भएको र वि .स. २०७४ साल सम्म जिल्ला जनस्वास्थ्य कार्यालय मातहतमा रही सेवा दिदै आईरहेको थियो । वि.स. २०७६ सालमा पर्वत अस्पताल नामाकरण भएको यस अस्पताल १५ शैया स्वीकृत भएतापनि पर्वत अस्पताल समितिको पहलकदमीमा हाल ६० शैया संचालनमा रहेको छ । यस अस्पतालले २४ सै घण्टा ल्याव, एक्सरे, इर्मेजेन्सी, इन्डोर लगायत बहिरङ्ग सेवा, मातृ तथा नवशिशु सेवा, खोप तथा परिवार नियोजन सेवा, हेमोडायलाइसिस, समाजिक सेवा इकाई, एकद्वार संकट व्यवस्थापन केन्द्र, अप्रेसन सेवा, नवशिशु उपचार केन्द्र , पोषण पुनर्स्थापना गृह जस्ता विविध सेवा दिईरहेको छ । यस अस्पतालको रेर्कडलाई अध्ययन गर्दा पर्वत जिल्ला बाहेक बाग्लुङ्ग जिल्लाको बलेवा, कुश्मीशेरा देखी गुल्मीको सिमाना सम्म र स्याङ्गजा जिल्ला सम्मका बिरामीहरुले यस अस्पतालबाट सेवा लिदै आईरहेका छन् ।

पर्वत अस्पतालले सामान्यतया जिल्ला अस्पतालले दिने सेवा भन्दा फरक सेवाहरु बालरोग विशेषज्ञ सेवा, पोषण पुनर्स्थापना गृह संचालन, हेमोडायलाईसिस सेवा, सामाजिक सेवा इकाई, एकद्धार संकट व्यवस्थापन केन्द्र, नवशिशु उपचार केन्द्र (SNCU), खोप, परिवार नियोजन जस्ता सेवाहरु दिदै आईरहेको छ । त्यस्तै ल्याव, इन्डोर, एक्सरे, भिडियो एक्सरे, प्रसुति जस्ता सेवाहरु पनि उल्लेखनिय रुपमा वृद्दि भएको अस्पतालको स्वास्थ्य व्यवस्थापन सुचाना प्रणालीले देखाउँछ ।

जिल्ला भरिको भरोसाको केन्द्र रहेको यस अस्पताललाई सुबिधा सम्पन्न र आधुनिक बनाउने पहल कदमी भईरहेको छ । रोग पहिचानको लागि आवश्यक अत्याधुनिक उपकरण र मेशिनहरु पर्याप्त प्रबन्ध गरेर सवै प्रकारका सेवा उपलब्ध गराउन सक्दा मात्र उपचारका लागि ठूला शहरमा धैरै पैसा खर्च गरेर जानुपर्ने बाध्यता अन्त्य गर्न सकिन्छ भन्ने मान्यताका साथ पर्वत अस्पताललाई प्रबिधियूक्त, बिश्वसनिय सेवा सहित बिरामी मैत्री बनाउदै लगिएको छ ।

## अस्पतालमा उपलव्ध सेवाहरु

### १ रोकथाम (Preventive)

- **VIA जाँच**
- **पोषण,**
- **CB-IMNCI,**
- **सुरक्षित मातृत्व**
- **परिवार नियोजन**
- **मलेरिया**
- **क्षयरोग, कुष्ठरोग,**
- **PMTCT**

- ART/HTC
- खोप
- सामाजिक सेवा इकाइ सन्चालन
- एक द्धार व्यवस्थापन केन्द्र

**उपचारात्मक (Curative )**

- इनडोर वार्ड सेवाहरू
- आपतकालीन सेवा
- ओपीडी (सामान्य/ महिला तथा प्रसुती / हाडजोर्नी)
- दन्त सेवा
- डायलासिस सेवा
- शल्यक्रिया सेवा
- पोस्ट अपरेटिभ सेवा
- आँखा सेवाहरू
- पोषण पुनर्स्थापना केन्द्र
- पोस्टमार्टम
- ल्याव सेवा
- एक्सरे सेवा
- वि एम इ टी सेवा

# अस्पातालमा उपलव्ध शैया

यस अस्पतालमा नेपाल सरकारबाट १५ शैया क्षमता स्वीकृत भएतापनि अस्पताल व्यवस्थापन समितिको पहल कदमीमा ६० शैया संचालनमा ल्याइएको छ । अस्पतालको स्तरोन्तीका लागी O&M सर्भे गर्न अस्पतालले पटक पटक माथिल्लो निकायमा पत्राचार एवम् पहल गरेपनि सफल हुन सकेको छैन ।

| Hospital Bed | | Bed Number |
|---|---|---|
| Government Approved | | 15 |
| Current Running | | 60 |
| Ward | Male | 8 |
| | Female | 8 |
| Maternity | Prelabour | 4 |
| | Labour | 1 |
| | Postlabour | 4 |
| Postoperative | Postop | 4 |
| Pediatrics | | 4 |
| Emergency | | 8 |
| Dialysis | | 9 |
| Nutrition | | 10 |
| | | |
| | Total | 60 |

# स्थायी दरवन्दी संरचना तथा कार्यरत कर्मचारी विवरण

| क्र. सं. | सेवा | समूह | उप - समुह | पद | तह | संघीय सरकारबाट प्राप्त दरबन्दीको अवस्था | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | शुरु दरबन्दी | कर्मचारी समायोजनद्वारा पदपूर्ति भएका दरबन्दी | प्रदेश लोक सेवा आयोगद्वारा पदपूर्ति भएका दरबन्दी | जम्मा पदपूर्ति भएका दरबन्दी | रिक्त दरबन्दी | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० (८+९) | ११ (७-१०) | |
| १ | स्वास्थ्य | जनरल हेल्थ सर्भिसेस | | मेडिकल सुपरिन्टेण्डेण्ट | ९ / १० | १ | ० | १ | १ | ० | |
| २ | स्वास्थ्य | जनरल हेल्थ सर्भिसेस | | मेडिकल अधिकृत | ८ | १ | ३ | ० | ३ | ० | |
| ३ | प्रशासन | सामान्य प्रशासन | | सहायक / अधिकृत (प्रशासन) | ५ / ६ | १ | १ | ० | १ | ० | |
| ४ | स्वास्थ्य | जनरल नर्सिङ्ग | | स्टाफ नर्स | ५ / ६ / ७ | ३ | ३ | ० | ३ | ० | |
| ५ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | | हेल्थ असिष्टेन्ट | ५ / ६ / ७ | १ | १ | ० | १ | ० | |
| ६ | स्वास्थ्य | मे.ल्या.टे. | ज.मे.ल्या.टे. | ल्याब टेक्निसियन | ५ / ६ / ७ | १ | १ | ० | 0 | १ | |
| ७ | स्वास्थ्य | रेडियोग्राफी | | रेडियोग्राफर | ५ / ६ / ७ | १ | १ | ० | १ | ० | |
| ८ | स्वास्थ्य | मेडिकल रेकर्ड | | मेडिकल रेकर्ड सुपरभाइजर | ५ / ६ / ७ | ० | ० | ० | ० | ० | १ काजमा कार्यरत |
| ९ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | | अ.हे.व. / सि.अ.हे.व. | ४ / ५ / ६ | २ | ० | १ | १ | १ | |
| १० | स्वास्थ्य | क.न./प.हे.न. | | अ.न.मी. / सि.अ.न.मी. | ४ / ५ / ६ | २ | ० | २ | २ | ० | १ काजमा कार्यरत |
| ११ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | ज.मे.ल्या.टे. | ल्याव असिष्टेन्ट | ४ / ५ / ६ | ० | ० | ० | ० | ० | |
| १२ | प्रशासन | सामान्य प्रशासन | | कार्यालय सहयोगी | श्रेणी विहिन | १० | १ | ० | १ | ९ दरवन्दी करार | |
| जम्मा | | | | | | २३ | ११ | ४ | १४ | २ | |

# पर्वत अस्पतालमा विभिन्न स्रोतबाट कार्यरत जनशक्तिहरुको विवरण:

| | | Permanent | Darbandi Karar | Pradesh Karar | Dialysis Karar | CEONC SNCU programme | Samiti | Scholorship | Nutrition | NSI | Eye | MSS | SSU | Provine Vol | KAJ | Social Service | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Consultant | 1 | | | | | | | | | | | | | | | |
| 2 | Medical Officer | 2 | | | 1 | | | 4 | | 1 | | | | | | | |
| 3 | Dental officer | | | | | | | 1 | | | | | | | | | |
| 4 | Admistration | 1 | | | | | | | | | | | | | | | |
| 5 | Medical Lab technoogist | | | | | | | | | | | | | | | | |
| 6 | Medical Recorder | 1 | | | | | | | | | | | | | | | |
| 7 | Nurse/ANM | 3 | | 9 | 4 | 2 | 1 | 1 | | 1 | | | | | | | |
| 8 | ANM | 2 | | | | | 2 | | 2 | | | | | | 1 | 1 | |
| 9 | HA/AHW | 1 | | 2 | | | 4 | | | | | | | | | | |
| 10 | AHW | 2 | | | | | | | | | | | | | | | |
| 11 | Pharmacy | 0 | | 1 | | | 1 | | | | | | | | | | |
| 12 | X ray | 1 | | 1 | | | 1 | | | 1 | | | | | | | |
| 13 | Lab | 1 | | 1 | | | | | | 1 | | | | | | | |
| 14 | BMET | | | | | | | | | 1 | | | | | | | |
| 15 | Computer operater | | | | | | 2 | | | | | | | | | | |
| 16 | Registration | | | | | | 3 | | | | | | | | | 2 | |
| 17 | Helper | | 9 | | 2 | 2 | 9 | | 2 | | | 1 | 1 | 2 | | | |
| 18 | Guard | | | | | | 1 | | | | | | | | | | |
| 19 | Driver | | 1 | | | | 1 | | | | | | | | | | |
| | | 15 | 10 | 14 | 7 | 4 | 25 | 6 | 4 | 5 | 0 | 1 | 1 | 2 | 1 | 3 | 98 |

## अस्पतालको उद्देश्यहरु

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने,
-प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्राणालीको स्थापना गर्ने,
-स्वास्थ्य बीमा गरेका नागरिकहरुलाई सहज रुपमा उपचार सेवा उपलब्ध गराउने
-स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता सुनिश्चित गरि अस्पतालको सुदृढिकरणमा समुदाय तथा नीजि क्षेत्रको संलग्नता वृद्धि गर्दै अपनत्व प्रवद्र्धन गर्ने
-विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरि सेवा तथा उपकरणहरु व्यवस्थापन र परिचालन गर्ने

### भावी सोच

नागरिकहरुको सहज गुणस्तरिय उपचार ,स्वस्थ, उत्पादनशिल र गुणस्तरिय नागरिक निर्माण गर्ने ।

### ध्येय

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग मार्फत सेवाग्राही र सरोकारवालाहरु बीच रणनीतिक सहकार्य गरी नागरिकहरुको सहज गुणस्तरिय उपचार पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### लक्ष्य

आधुनिक सेवाहरु थप गरि आधारभूत स्वास्थ्य समस्याहरुको उपचारका लागि ठुला शहरमा जानुपर्ने बाध्यताको अन्त्य गरि उपचार सेवाको पहुँत वृद्धि गर्ने र न्यायसंगत एवम जवाफदेहि प्रणालीको माध्यमबाट उपचार सेवा उपलब्ध गराउने

## सोचहरू

### अल्पकालीन सोचहरू

१ पर्वत अस्पतालमा विस्तारित स्वास्थ्य सेवा प्रदान गर्नका लागि १२ घण्टे ओपिडी सेवा विस्तार गरिनेछ ।

२ पर्वत अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि विशेषज्ञ सेवा विस्तार गरिनेछ ।

३ पर्वत अस्पतालमा अस्पतालको आफ्नै सुरक्षित भरपर्दो पानीको स्रोत व्यवस्थापन गरी पानीको आपूर्ति सहज गरिनेछ ।

४ पर्वत अस्पतालमा जेष्ठ नागरिक तथा अपाङ्ग लागि जेष्ठ नागरिक ओपिडी सञ्चालन गरिनेछ ।

५ पर्वत अस्पतालमा दूरदराजमा रहेका आमाहरू गर्भवती तथा सुत्केरीहरूको उपचारका लागि र आफ्नो घर परिवार सहितको अवस्था गर्भवती तथा सुत्केरी अवस्थालाई सहज बनाउनलाई बनाउनका लागि आमाघर सञ्चालन गरिनेछ ।

६ प्रदेश सरकारको सोचअनुसार जिल्लामा रहेका र जिल्लाबाट सेवा लिन जाने मृगौला पीडितहरुका लागि सेवा प्राप्त गर्नका लागि प्रतीक्षारत बिरामीहरूको संख्या शून्य बनाउनका लागि छ ।

७ विशेषज्ञ तथा जनरल चिकित्सकहरूको व्यवस्थापन तथा प्रोत्साहनको लागि कार्यविधि बनाई प्रोत्साहन मुस्कान सहितको गुणस्तरीय सर्वसुलभ सेवा प्रदानको सुनिश्चितता गरिनेछ।

८ अस्पतालबाट प्रदान गरिने सेवाको सम्पूर्ण विवरण गराउनका लागि इलेक्ट्रोनिक मेडिकल रेकर्ड सिस्टम लागू गरिनेछ

९ अस्पतालमा गरिने प्रिस्क्रिप्सनहरूमा जेनेरिक प्रशिक्षण सुरु गरिनेछ।

१० अस्पतालको आन्तरिक तथा बाह्य सुन्दरता बनाउन लागि सुन्दर पर्यावरण विकास गर्न गार्डेन तथा अस्पताल परिसरको सजावटलाई विशेष ध्यान दिनेछ।

११ विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूसँग समन्वय गरी शिक्षाशास्त्र अन्तर्गत स्नाकोत्तर गरिरहेका विद्यार्थीद्वारा MD Resident Doctor द्वारा सेवा विस्तार गरिनेछ।

११ सी एस एस डी विभागलाई एकीकृत द्वारद्वारा सञ्चालन गरी सेन्टर सीएसएससी स्थापना गरिनेछ ।

१२ अस्पतालमा उपलब्ध गराइने औषधिहरूको सुपत मूल्यमा उपलब्धताका लागि खरिद प्रक्रिया स्वस्थ र प्रतिस्पर्धी बनाई स्रोतको उच्चतम उपयोग गरी इलेक्ट्रोनिक बिडिङ मार्फत औषधि प्रक्रिया औषधि खरिद प्रक्रिया सञ्चालन गरिनेछ।

१३ जिल्ला स्थित सम्पूर्ण पालिकाहरू स्थानीय प्रशासन अन्य कार्यालय तथा स्वास्थ्य कार्यालय सँग समन्वय गरी आवश्यक पूर्वाधार स्रोत व्यवस्थापन तथा सहजीकरणको लागि व्यवस्था मिलाइनेछ।

## दीर्घकालीन सोचहरू

1. जिल्ला स्थित पालिकाहरूको समन्वय तथा सम्बन्धलाई सुधार गरी "हाम्रो अस्पताल, राम्रो अस्पताल", रुपमा विकास गरी सम्पूर्ण बिरामीको विश्वास बढाई सेवाको गुणस्तर उच्चतम राख्दै बिरामीहरू उपचारका लागि अस्पतालमा आउने वातावरण उपचारका लागि बाहिर जानुपर्ने अवस्था अन्त्य गराइनेछ ।
2. पर्वत अस्पताललाई सुविधा सम्पन्न ५० शैय्या विशेषज्ञ चिकित्सक सहितको अस्पतालमा स्तरउन्नति गरिउनका लागि आवश्यक प्रक्रिया अघी बनाइने छ ।
3. विशेषज्ञ चिकित्सक सहित गुणस्तरीय सेवा प्रदानका लागि पर्वत अस्पताललाई सक्षम बनाइनेछ ।
4. आईसीयु सेवा विस्तार गरि अस्पतालबाट रिफर हुने बिरामीको संख्या न्यून बनाइनेछ।
5. सिटी स्क्यान लगायत जाँचहरू गराउनको लागि जिल्ला बाहिर जानुपर्ने अवस्था अन्त्य गर्नका लागि व्यवस्था मिलाइनेछ ।
6. आँखा उपचार सेवा केन्द्र विस्तार गरी गुणस्तरीय आँखा उपचार सेवा प्रदान गरिनेछ ।
7. अस्पताललाई स्वास्थ्य सम्बन्धी तालिमका लागि स्वास्थ्य तालिम सहितको रुपमा स्थापित गरिनेछ ।

8. अस्पताललाई गण्डकी प्रदेशकै साथै मध्यपाडी लोकमार्ग कालीगण्डकी कोरिडोर ,अन्तर्गत रहनेगरी विशिष्टकृत ट्रमा सेन्टर Trauma Center को रूपमा विस्तार गरिनेछ ।
9. अस्पताललाई नर्सिङ तथा प्यारामेडिक्स अध्ययन अध्यापन गराउनका लागि स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा स्तर उन्नति गरिनेछ ।

## अस्पतालबाट प्रदान गरिएको मुख्य सेवाहरुको तथ्याङ्किय विवरण:

यस अस्पतालमा स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली -HMIS) ले निर्दिष्ट गरेअनुसार अस्पतालमा उपल्वध सेवाहरुको तथ्याङ्क संकलन गरिन्छ । संकलित तथ्याङ्कहरु सोही प्रणालीले तोकेअनुसार DHIS2 मा मासिक रुपमा प्रविष्ट गरीन्छ । हाल सेवाग्रहीको स्वास्थ्य सम्वन्धि तथ्याङ्क राष्ट्रिय आविश्कार केन्द्रको सहयोगमा Electronic Medical Record सिस्टम मार्फत संकलन गर्न लागिएको छ । DHIS2 मा प्रविष्ट तथ्याङ्कको आधारमा तल बिभिन्न सेवाहरुको विश्लेषण गरिएको छ ।

## कुल सेवाग्रहीहरुको विवरण :

यस अस्पतालमा पर्वत जिल्लामात्र नभई छिमेकी जिल्ला बाग्लुङ्, म्याग्दी ,स्याङ्गजा , गुल्मी , कास्की लागाएतका जिल्लाबाट यस अस्पतालमा सेवा लिन आएको पाइन्छ । अस्पतालको सेवा प्रति विश्वासका कारण विगत वर्षदेखी सेवाग्रहीको चाप बृद्धी भई दैनिक २०० देखी २५० सम्म सेवाग्रहीहरुले सेवा लिइरहेका छन् । आ.व. २०७८/७९ मा ३९०२५ ले सेवा लिएकोमा आ.व. २०८०/८१ मा ५८६२६ ले सेवा लिएको देखिन्छ ।



## आकस्मिक सेवा (Emergency Services)

पुर्वत अस्पतालमा २४ सै घण्टा ८ शैया क्षमताको आकस्मिक सेवा उपलव्ध छ। दैनिक ३ सिफ्टमा २ जना पारामेडिक्स सहित मेडिकल अधिकृत साथै अनकल विशेषज्ञ सेवा दिदै आइरहेको छ। समुहिक दुर्घटना तथा हाताहातिको समयमा रातो, हरियो ,पहेलो तथा कालो क्षेत्र छुट्टाई उपचार सेवा दिदै आइरहेको छ।




## बहिरङ्ग सेवा:

यस अस्पतालमा जनरल ओ पी डी , हाडजोर्नी , स्त्री तथा प्रसुतिरोग, सर्जरी लगाएतका वहिरङ्ग सेवाहरु उपल्वध गराउदै आएको छ। अस्पतालमा बहिरङ्ग सेवा लिन अउने सेवाग्रहीहरुको संख्या दैनिक १५० देखी २०० सम्म रहेको पाइन्छ। अस्पतालमा मुख्यतया, प्रेसर,सुगर दम ,ग्यास्ट्रक, रुघाखोकी, छालारोग, स्त्री तथा प्रसुती समस्या आदीका विरामीहरुको चाप देखिन्छ। EMR प्रणालीमा प्रविष्ट तथ्याङ्क अनुसार मुख्य स्वास्थ्य समस्याहरु लाई बार चार्टमा देखाइएको छ।

OPD मा आउने बिरामीहरुको प्रमुख १० स्वास्थ्य समस्याहरु (प्रतिशतमा )



## विस्तारित वहिरङ्ग सेवा EHS services

अस्पतालमा आउने सेवाग्रहीलाई सहजताका लागि यस पर्वत अस्पताल व्यवस्थापन समितिको निर्णय अनुसार २०८० चैत्र गते देखी बिहान ७ वजेदेखी वेलुका ७ बजे सम्म विस्तारित बहिरङ्ग सेवा संचालन गरिएको छ । विद्यार्थी वर्ग, व्यपारी , कर्मचारी लागयत दिउसोको समयमा सेवा लिन नभ्याउने वर्गलाई विहान बेलुका समय मिलाई सेवा लिन सहज हुने साथै दिउसोको समयमा हुने सेवाग्राहीको भिड कम हुने र गुणस्तरीय सेवा प्रवाह गर्न सकिने अपेक्षा गरिएको छ । विगत तिन महिनाको तथ्याङ्क अनुसार ओ पी समय बाहेक विहान र बेलुकामा सेवा लिन दैनिक औषत ५० देखी १०० जना सम्म आउने गरेको देखिन्छ ।




## अन्तरङ्ग सेवाः

अस्पतालले ८/८ शैयाको महिला र पुरुषका लागी १६ शैयाको जनरल वेड, ४ शैयाको बालरोग, ४ शैयाको Special Care Unit , ४ शैयाको पुर्व प्रसुती वेड सहित कुल ३० शैयाको अन्तरङ्ग सेवा दिदै आईरहेको छ । करिव १५ जना नर्सिङ्ग जनशक्ति कार्यरत यस शाखा मुख्यतया सुत्केरी तथा प्रसुती , सुरक्षित गर्भपतन सहित भर्ना विरामीहरुको उपचार गरिन्छ ।



## सुरक्षीत मातृत्व सेवा

अस्पतालले गर्भवती जाँच तथा सल्लाह, गर्भ परिक्षण, सुरक्षीत सुत्केरी, न्यानो झोला वितरण, सुरक्षीत गर्भपतन सेवा, पाठेघरको मुखको क्यान्सर जाँच (VIA) लागएतका आमा सुरक्षा सम्वन्धि सेवाहरु उपलव्ध गराउदै आईरहेको छ । अस्पतालमा ८ जना दक्ष प्रसुतिकर्मी सहित महिला रोग बिशेषज्ञ साथै एम डि जि पी बाट सुरक्षीत सुत्केरी सेवाका लागी अप्रेशनद्वारा प्रसुति , जटिल प्रसुति तथा सामन्य प्रसुती सेवा निःशुल्क रुपमा दिएको छ ।



अस्पतालप्रतिको विश्वास : पर्वत अस्पतालमा एकै दिनमा सुत्केरी सेवा लिएका आमाहरु आफ्ना बच्चाहरुको साथ ।

चार्ट नं. सुरक्षीत प्रसुति सेवाको विवरण




माथिको तथ्याङ्कअनुसार औतष बार्षिक ३६० जनाले सुरक्षी प्रसुति सेवा लिन यस अस्पताल आउने गरेको देखिन्छ । पछिल्लो आ.व.२०८०।८१ अनुसार २११ जनाले सामान्य प्रसुति सेवा, ९२ जनाले शल्यक्रियाद्वारा प्रसुति सेवा र ११ जनाले जटिल प्रसुति सेवा लिएको देखिन्छ ।

### सुरक्षित गर्भपतन सेवा :

अस्पतालले तालिम प्राप्त नर्सिङ्ग कर्मचारी तथा विशेषज्ञबाट दैनिक रुपमा निःशुल्क गर्भपतन सेवा दिदै आईरहेको छ । १२ हप्ता सम्मको मेडिकल तथा सर्जिकल गर्भपतन सेवा महिला सेवाग्राहीको स्वास्थ्य जाँच गरी गोप्य रुपमा दिइन्छ ।




माथिको तथ्याङ्क अनुसार बार्षिक औषत २०० जानाले सुरक्षित गर्भपतन सेवा पाएको देखिन्छ। आ व २०७९।८० मा ३८ जनाले सर्जिकल गर्भपतन सेवा लिए भने १६१ जनाले मेडिकल गर्भपतन सेवा लिएका छन् त्यसै गरी आ व २०८०।८१ मा ६८ जनाले सर्जिकल तथा १७६ जनाले मेडिकल गर्भपतन सेवा लिएको देखिन्छ।




आ.व. २०८०/८१ मा सुरक्षित गर्भपतन सेवा लिने हरुमा २० वर्ष मुनिको सेवाग्राही २५ जना छन्। यो संख्या यस वर्ष सुरक्षित गर्भपतन सेवा लिने जम्मा सेवाग्राही २४४ को १० प्रतिशत हुन आउछ । जुन कुरा सगैको पाईचार्टमा समेत देखाईएको छ। अपरिपक्व उमेरमा गर्भभारण गरी गर्भपतन सेवा लिन १० प्रतिशत सेवाग्रहीको संख्या घटाउन सम्वन्धित सरोकारवालाहरुले ध्यान दिन जरुरी देखिन्छ।

## गर्भवती जाँच सेवा :

| गर्भवती जाँच (पटक) | महिलाको संख्या | |
|---|---|---|
| | < २० बर्ष | ≥ २० बर्ष |
| 1 | 2 | 3 |
| **पहिलो (जुनसुकै समयको)** | 7 | 153 |
| **१२ हप्ता सम्म** | 8 | 126 |
| **४ पटक (१६ ,२०-२४, ३२ र ३६ हप्ता)** | 16 | 259 |
| **८ पटक (प्रोटोकल अनुसार)** | 5 | 64 |

आ व २०८० / ८१ को तथ्याङ्कलाई केलाउदा कुल गर्भवती जाँच ६३८ पटक देखिन्छ जसमध्ये २० वर्ष मुनिका ३६ जनाले सेवा लिएको पाइन्छ । विवाहवारी २० वर्ष पारी भन्ने गरेतापनि २० वर्ष नपुग्दै आमा बन्नेको संख्या अधिक रहेको छ । नयाँ प्रोटोकल अनुसार गर्भवती समयमा ८ पटक गर्भवती जाँच गराउनु पर्ने हुन्छ तर अस्पतालको रेकर्ड अनुसार आ.व. २०८०।८१ मा सो संख्या जम्मा ६९ जना छन् जुन न्यून छ। बिभिन्न पालिकाले सुत्केरी सँग उपमेयर कार्यक्रम चलाए जस्तै गर्भवती जाँचका लागि

बिषेश कार्यक्रम ल्याउन सके समयमै गर्भजाँच गरी आमा तथा शिशुको ज्यान खतरावाट वचाउन सकिने देखिन्छ ।

## परिवार नियोजन सेवा :

अस्पतालमा तालिम प्राप्त स्वास्थ्यकर्मीबाट दैनिक रुपमा निःशुल्क स्थायी तथा अस्थायी परिवार नियोजन सेवा उपलव्ध छ । अस्पतालले वन्ध्याकरण, डिपो, पिल्स, कण्डम , इम्पलान्ट, आ यु सी डी सेवा उपल्वध गराउदै आईरहेको छ ।

आ व २०८०।८१ मा ३१०० गोटा कण्डम,४५ साइकल पिल्स , ३३ डोज, ७ सेट आइ यु सि डि ६२ सेट इम्प्लान्ट वितरण गरिएको छ । सबै भन्दा धेरै ६२ जनाले इम्प्लान्ट प्रयोग गरेको देखिन्छ जुन परिवार नियोजनको साधन हातको पाखुरामा राखिन्छ जस्ले ५ वर्षसम्मको अनइच्छित गर्भ रोक्छ ।

| अस्थायी साधन | नयाँ प्रयोगकर्ता | | हाल आपनाई रहेका | सेवामा नियमित नभएका | साधन वितरण | |
|---|---|---|---|---|---|---|
| | < २० वर्ष | ≥ २० बर्ष | | | इकाई | परिमाण |
| 1 | 2 | | 3 | 4 | 5 | 6 |
| **कण्डम** | | | | | **गोटा** | 3100 |
| **आकस्मिक गर्भनिरोधक चक्की** | | | | | **डोज** | |
| **पिल्स** | | 19 | 23 | 14 | **साइकल** | 45 |
| **डिपो** | | 33 | 33 | 16 | **डोज** | 33 |
| **सायना प्रेस** | | | | | **डोज** | |
| **आई. यु. सी. डी.** | | 7 | 7 | 7 | **सेट** | 7 |
| **इम्प्लान्ट** | | 62 | 78 | 68 | **सेट** | 62 |

# इमेजिङ्ग सेवा (Radiological Services)

यस अस्पतालमा इमेजिङ्ग सेवा अन्तर्गत भिडियो एक्सरे , एक्सरे, इ सि जि सेवा उपल्वध छन् । पर्वत अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम सेवाग्राहीहरुले उक्त सेवा लिदा सो सेवा वापत सेवा शुल्क तिरी सेवा दिने व्यवस्था छ ।

## एक्सरे सेवा:

अस्पतालले ओ पी डी भवनको भुइ तलाबाट एक्सरे सेवा प्रदान गरिदै आएको छ । ३ जना रेडियोग्रफार बाट २४ सै घण्टा यो सेवा उपल्वध छ । अस्पतालमा १ ओटा प्रोटेवल डि आर सिस्टमको मेसिन सहित थप २ ओटा मेसिन उपलव्ध रहेका छन् ।




अस्पतालको तथ्याङ्कलाई केलाउदाँ एक्सरे सेवा लिन सेवाग्रहीहरुको चाँप प्रत्येक वर्ष बढ्दै गइरहेको देखिन्छ ।आ व २०७९।७८ मा ३६१६ जनाले सेवा लिएको र सो संख्या वढेर आ व २०७९।८० मा ८७९१ र आ व २०८०।८१ मा ११५१७ जना रहेको देखिन्छ ।

## भिडियो एक्सरे (USG) सेवा :




अस्पतालमा २ ओटा भिडियो एक्सरे मेसिन सहित २४ सै घण्टा सेवा उपलव्ध छ । अस्पतालले बार्षिक औषत ४००० भिडियो एक्सरे सेवा दिदै आईरहेको छ । माथिको तथ्याङ्कलाई हेर्दा आ.व. २०७७।७८ मा ३४२० जनाले सेवा लिएका छन् भने सवैभन्दा धेरै सेवा आ.व. २०७८।७९ मा ४९८६ जनाले सेवा लिएको देखिन्छ । आ व . २०८०।८१ मा सेवा दिने सेवाग्रही आ.व. २०७९।८० को भन्दा केही कम देखिन्छ । आ व. २०८०।८१ मा सेवा कम हुनुको प्रमुख कारण सो समयमा अस्पतालमा भिडियो एक्सरे सेवा दिने चिकित्सक नहुनु नै हो ।




माथिको चार्टमा आ व २०८०।८१मा भडियो एक्सरे सेवा लिने सेवाग्रहीको विवरण महिना अनुसार देखाईएको छ । सवैभन्दा धेरै सेवा २०८० चैत्र महिनामा ४८० जनाले लिएका छन् भने सवैभन्दा कम कार्तिक २०८० मा २१० जनाले लिएको देखीन्छ ।

## इ.सि.जि. सेवा

यस अस्पतालमा इ सि जि सेवा इर्मेजेन्सीका सेवाका लागि २४ घण्टा तथा ओ पि डि समयमा उपलव्ध रहेको छ । इ सि जि सेवा चिकित्सकको सिफारीसमा तोकिएको शुल्क तिरी लिन सकिन्छ । आ व २०७७२०७८ मा १०९१




जनाले सेवा लिएको देखिन्छ भने आ व २०७८।७९, २०७९।८० र २०८०।८१ मा क्रमश १४२२,३०५१ र ३८७४ जनाले सेवा लिएको देखिन्छ । इ सि जि सेवा लिने सेवाग्राही प्रत्येक आ व बृद्धी हुदै गइरहेको देखिन्छ ।




आ व २०८०।८१ मा मासिक रुपमा इ सि जि सेवा लिने सेवा सेवाग्रही फाल्गुन महिनमा सवैभन्दा धेरै ३९५ जना देखिन्छन् भने सवैभन्दा कम  कार्तिक महिनामा २३२ जनाले लिएको देखिन्छ ।

## प्रयोगशाला सेवा :

यो सेवा अस्पतालले चौबिसै घण्टा प्रदान गर्दै आइरहेको छ । पर्वत अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार प्रयोगशाला सेवा अन्तर्गतका विभिन्न परिक्षण वापत् शुल्क निर्धारण गरिएको छ, तर नेपाल सरकारले तोकेका लक्षित वर्गलाई साथै लक्षित प्रयोगशाला जाँच नि:शुल्क रुपमा प्रदान गर्ने गरिन्छ । अस्पतालबाट प्रदान गरिने निदानात्मक सेवा अन्तर्गत बिभिन्न किसिमका प्रयोगशाला सेवा प्रवाह गरिन्छ । यस सेवा अन्तर्गत Hematology, Parasitology, Biochemistry, Immunology, Serology, Culture,सेवाहरु प्रदान गर्ने गरिन्छ ।






माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा बार्षिक रुपमा सेवा लिने सेवाग्रहीकोक संख्या बढेको पाउन सकिन्छ । आ व २०७६।७७ मा ३४९०५ ओटा ल्याव टेष्ट भएको आ.व. २०८०।८१ मा सवैभन्दा धेरै १६१११२ ओटा टेष्ट भएको देखिन्छ । त्यसैगरी आ व २०८०।८१ को महिना अनुसार हेर्दा सवैभन्दा कम कार्तिक २०८० मा ७४८१ ओटा टेष्ट र सवैभन्दा धेरै टेष्ट २०८१ जेष्ठमा १५३१० ओटा टेष्ट भएको देखिन्छ ।

## प्रयोगशालामा भएका उपकरणको विवरण

| S.N. | Equipments Name | Qty | Working Status | |
|---|---|---|---|---|
| | | | Yes | No |
| 1 | Microscope | 3 | 3 | 0 |
| 2 | Centrifuge | 1 | 1 | 0 |
| 3 | Water Bath | 1 | 1 | 0 |
| 4 | Hot Air Ovan | 1 | 1 | 0 |
| 5 | Incubator | 1 | 1 | 0 |
| 6 | Autoclave | 1 | 1 | 0 |
| 7 | Wagtech | 1 | 1 | 0 |
| 8 | Bio Safety Cabinet | 1 | 1* | 0 |
| 9 | Fully Auto Analyzer | 1 | 1 | 0 |
| 10 | Semi Auto Analyzer | 2 | 1 | 1 |
| 11 | Electrolyte Analyzer | 2 | 1 | 1 |
| 12 | CBC Analyzer | 3 | 1 | 2 |
| 13 | eCLIA | 1 | 1 | 0 |
| 14 | HbA1c (Mispa i2) | 1 | 1 | 0 |
| 15 | Coagulyzer | 1 | 1 | 0 |
| 16 | Colorimeter | 1 | 1 | 0 |

# अस्पतालमा उपलब्ध जाँचहरुको विवरण

## 1. Hematology

- CBC(WBC, RBC, platelets, HCV, MCHC,MCH, MCV)
- ESR
- Blood Group & Rh Type
- Neutrophill
- Basophill
- HIV I / II
- RPR
- HAV
- ASO titre
- MP/MF
- Mantoux Test
- H-pylori
- Widal Test
- Sputum for AFB
- CRP
- RA Factor
- TPHA
- HBsAg
- Hb%
- Lymphocyte
- Monocytle
- BT/CT
- Eosinophill

## 2. Bio-Chemistry

- S.Uric Acid
- S/Bilirubin total & Direct
- B. Sugar ( F, PP, R)
- GTT
- FBS
- Total Protein
- Albumin
- S. Urea
- Sodium
- Potassium
- Calcium
- S. Creatinine
- ALP
- Amylase
- H-pylorin ( Ag,Ab)
- Trpomin I
- S. Cholesterol
- Triglyceride
- HDL cholesterol
- LDL Cholestrol
- VLDL
- PTINR
- SGoT

## 3. SGPT Parasitology

- Urine Examinatiom
- Stool Examination
- Urine Preganency Test
- Occult Blood Test
- Urine for Acetone
- Semen Anlysis
- Sputum
- Pus cell

4. Hormonal

- T3
- T4
- TSH

## एड्स तथा यौनरोग सेवा (ए.आर.टि.)

नेपालमा एचआईभी केन्द्रिकृत महामारीको रुपमा रहेको छ । ७२ प्रतिशत भन्दा वढी एचआईभिको संक्रमण महिला-पुरुष विच हुने असुरक्षित यौन सम्पर्कको माध्यमबाट भएको पाईएको छ । सूईद्वारा लागूपदार्थ लिनेहरु, यौनकर्मी पुरुष तथा महिलाहरु र उनीहरुका ग्राहकहरु, पुरुष समलिंगीहरु तथा तेश्रो लिङ्गीहरु, आप्रवासी कामदारहरु र जेलमा रहेका कैदीबन्दिहरुलाई एचआईभीको उच्च जोखिममा रहेको समूह मानिन्छ । राष्ट्रिय यौनरोग नियन्त्रण केन्द्रको अगुवाईमा हाल नेपालमा एचआईभीसंग सम्बन्धित सेवाहरु जस्तैः एचआईभी परामर्श तथा परिक्षण, पि एम टि सी टी, उच्च जोखिममा रहेका लक्षित समूहमा एचआईभी रोकथाम कार्यक्रम जस्तै मौखिक प्रतिस्थापन विधिबाट गरिने उपचार एचआईभीको उपचार, हेरचाह तथा सहयोग र यौनरोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम प्रदान गरिदै आएको छ ।

पर्वत अस्पतालबाट प्रदान गरिने यो सेवा शनिवार तथा सार्वजनिक बिदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म सञ्चालन हुदै आएको छ । एचआईभि संक्रमितहरुलाई स्वास्थ्य सेवा प्रवाह गराउने उद्देश्यले यो सेवा प्रदान गर्नका लागी अस्पतालले एक जना ए आर टि परामर्शकर्ता को व्यवस्था गरेको छ ।

१६. एचआईभी एड्स कार्यक्रम (ए आर टि केन्द्रले मात्र रिपोर्ट गर्ने)

